# चौबिसे गाउँपालिकाको वन ऐन, २०८१

चौबिसे गाउपालिका

राजारानी धनकुटा

## चौबिसे गाउपालिकाको वन ऐन, २०८१

**प्रमाणिकरण मिति २०८१।११।२०**

**सम्वत् २०८१ सालको ऐन नं. २**

प्रस्तावना: चौबिसे गाउपालिकाको क्षेत्र भित्र रहेको वनको सामुदायिक वन लगायत समुदायमा आधारित वन र निजी वनका माध्यमबाट दिगो व्यवस्थापन गरी वनमाथिको सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्धन र पर्यापर्यटन एवं वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सोबाट प्राप्त लाभको न्यायोचित् बाँडफाँड गर्दै दिगो विकास, आर्थिक समृद्धि र लैङ्गिक तथा सामाजिक न्याय हासिल गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ र २२६, अनुसूची ८ एवं ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम चौबिसे गाउपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चौबिसे गाउपालिकाको वन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, सम्वर्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १३ बमोजिम गठन भएको उपभोक्ता समूहलाई जनाउँदछ ।

(ख) "कबुलियती वन" भन्नाले दफा २७ बमोजिम व्यवस्थापन गरिने राष्ट्रिय वनलाई जनाउँदछ ।

(ग) "गैरकाष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वनबाहिर रहेका रुखहरुबाट उत्पादित काठ र दाउरा बाहेकका जडीबुटी तथा अन्य सबै जैविक उत्पत्तिका सामानलाई जनाउँछ ।

(घ) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई जनाउँछ ।

(ङ) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरु एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई जनाउँछ ।

(च) "टाँचा" भन्नाले काठ वा खडा रहेका रुखमा लगाइने छाप, चिन्ह् वा निशानालाई जनाउँदछ ।

(छ) "डिभिजन वन कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतको डिभिजन वन कार्यालयलाई जनाउँदछ ।

(ज) "डिभिजनल वन अधिकृत" भन्नाले प्रचलित कानून बमोजिम खटिएको डिभिजन वन कार्यालयको प्रमुखलाई जनाउँदछ ।

(झ) "धार्मिक वन" भन्नाले दफा २८ बमोजिम संरक्षण तथा व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँदछ ।

(ञ) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई जनाउँछ र सो शब्दले परिवारको निजी जग्गामा रहेको पारिवारिक निजी वन समेतलाई जनाउनेछ

(ट) "राष्ट्रिय वन" भन्नाले गाउपालिकाको क्षेत्रभित्र रहेका सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियति वन र धार्मिक वन समेतलाई जनाउँछ ।

(ठ) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्रलाई जनाउँछ ।

(ड) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई जनाउँछ :

(१) काष्ठजन्य वन पैदावार

(२) जडीबुटी र गैरकाष्ठ वन पैदावार र

(३) चट्टान, ढुङ्गा, माटो, नदीजन्य र खनिजजन्य पदार्थ ।

(ढ) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपटलाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह् समेतलाई जनाउनेछ ।

(ण) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई जनाउँदछ ।

(त) "व्यवस्थापन योजना" भन्नाले वातावरणीय सन्तुलत कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको र यस ऐन एवं प्रचलित कानून बमोजिम स्वीकृत वनसम्वन्धी कार्य योजनालाई जनाउँदछ ।

(थ) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई जनाउँदछः

(१) कार्वन सेवा

(२) जैविक विविधताको संरक्षण

(३) जलाधार तथा जलचक्र प्रणाली

(४) पर्यापर्यटन

(५) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु, सेवा वा लाभ ।

(द) "वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन समेतलाई जनाउँदछ ।

(ध) "सामुदायिक वन" भन्नाले यस ऐन र वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको वनलाई जनाउँदछ ।

(न) "सार्वजनिक जग्गा" भन्नाले जग्गा र वनसम्बन्धी प्रचलित कानून बमोजिम परिभाषित गरिए अनुसार चौबिसे गाउपालिकाको क्षेत्रमा पहिचान र सिमाङ्कन गरिएका सार्वजनिक जग्गालाई जनाउँदछ ।

(प) "गाउपालिका" भन्नाले चौबिसे गाउपालिकालाई जनाउँदछ ।

## परिच्छेद – २

## वनको सीमा निर्धारण, भू-उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

**३. वनको सिमाना निर्धारणः** (१) वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम डिभिजन वन कार्यालयले चौबिसे गाउँपालिकामा कार्यपालिकासँग समन्वय र छलफल गरी सामुदायिक वन उपभोक्ता समूहका साथै आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरुलाई समेत सहभागी गराई राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शामा पालिका प्रमुखले प्रमाणित गरी सोको एक प्रति गाउँपालिकामा र एक प्रति डिभिजन वन कार्यालयमा अभिलेख राख्नु पर्नेछ ।

**४. वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्नेः** (१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको दृष्टिकोणले आवश्यक भएमा वनको सिमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत चौबिसे गाउँपालिकामा कार्यपालिकासँग छलफल गरी संघीय कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्वन्धी व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(३) वन सिमानाभित्र परेको निजी जग्गाको वनसम्बन्धी संघीय कानून बमोजिम लगत कट्टा गर्नु पर्नेछ ।

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा डिभिजन वन कार्यालय र मालपोत कार्यालयले सोको जानकारी गाउँपालिका कार्यपालिका समक्ष दिनुपर्नेछ र गाउँपालिकाले सोही बमोजिम निजी जग्गाको भूमी कर सम्वन्धी लगत कट्टा गर्नु पर्नेछ ।

६. वन सम्बन्धी भू-स्वामित्वः (१) गाउँपालिकाको क्षेत्र भित्र रहेको वनमाथिको भू-स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुमाथिको भू-स्वामित्व यसै गाउँपालिकामा निहित रहने छ ।

(ख) गाउँपालिकामा राष्ट्रिय वनको रुपमा रहेका वनक्षेत्रका जग्गा माथिको भू-स्वामित्व वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारमा रहनेछ ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गाहरु सामुदायिक जग्गाको रुपमा रहने छन् ।

(३) प्रथाजनित रुपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरुमा परम्परागत रुपमा स्थापित सम्वन्धित प्रथाजनित संस्थाको अधिकार रहनेछ ।

(२) नेपाल सरकारले गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नुपूर्व गाउँपालिकाको कार्यपालिका, सम्बन्धित वन उपभोक्ता समूह र कुनै स्थानमा प्रथाजनित संस्था भएमा सोको समेत सहमति लिनु पर्नेछ ।

७. वन व्यवस्थापन प्रणालीः (१) गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथाजनित वनको रुपमा व्यवस्थापन गरिनेछ ।

(२) गाउँपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई गाउँपालिका आफैले व्यवस्थापन गर्न वा सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सक्नेछ ।

८. भू-उपयोग योजना र वन क्षेत्रको भू-उपयोग परिवर्तनः (१) गाउँपालिका वा अन्य सम्बन्धित निकायले भू-उपयोग योजना तर्जुमा गर्दा गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई वन क्षेत्रको रुपमा नै कायम गर्नुपर्नेछ ।

(२) गाउपालिकाको क्षेत्रभित्र रहेका कुनै पनि वनहरुमा कुनै पनि किसिमको बसोवास वा पूनरवास गर्ने गराइने छैन । तर प्राकृतिक प्रकोप पिडित घरधुरीहरुलाई प्रकोप व्यवस्थापन गर्न लाग्ने अवधीभर वनको कुनै क्षेत्रमा वन विनास नहुने गरी अस्थायी बसोबास गराउन सकिने छ ।

(३) नेपालको संविधान बमोजिम भूमिहिन दलित र भूमिहिन सुकुम्वासीलाई रुख विरुवा नभएको कुनै क्षेत्रको जग्गा उपलब्ध गराउनु पर्ने भएमा भूमीसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(४) वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिई मन्त्रिपरिषद्बाट अनुमति प्राप्त भएमा मात्र वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न पाइनेछ ।

९. वन क्षेत्रमा विकास आयोजना सञ्चालनः (१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पूनरस्थापना गर्ने सम्बन्धी व्यवस्थाहरु वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन । तर गाउँपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित स्थानीय समुदायसँगको सहमतिमा वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी नेपाल सरकारको स्वीकृती लिई निश्चित् वन क्षेत्र प्रयोग गर्न सक्नेछ ।

(३) गाउँपालिकामा नक्सामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा बरावर अन्यत्र उपयुक्त जग्गाहरुमा वन क्षेत्रको विकास गर्न सकिनेछ ।

**१०. वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्नेः** (१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सोबाट प्रभावित हुने उपभोक्ता समूह र प्रथाजनित संस्थाहरुसँग पूर्वसूचित सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना, गाउँपालिका गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगद्दी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ ।

**११. वन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोगः** (१) गाउँपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधनसम्बन्धी कार्य गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले निर्धारण गरे बमोजिमको साधारण निर्माणमूखी खनिज पदार्थको मूल्य र स्थानीय कर भुक्तानी गरे पश्चात् मात्र संकलन गर्न पाइनेछ ।

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरुका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले तर्जुमा गरेका मापदण्डहरुको समेत पालना गर्नुपर्नेछ ।

(३) सामुदयिक वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ संकलन गर्दा सम्बन्धित उपभोक्ता समूहको समेत पूर्वसहमति लिनु पर्नेछ ।

(४) राष्ट्रिय वन क्षेत्रमा साधारण निर्माणमूखी खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खनन् गर्दा खानी तथा खानिज पदार्थ, वन र वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम गर्नुपर्नेछ ।

(५) गाउपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको विक्री वितरणबाट प्राप्त रकममध्ये कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित उपभोक्ता समूह मार्फत प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नुपर्नेछ ।

**१२. वन क्षेत्रमा वातावरणीय मापदण्डको पालनाः** (१) वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी निर्धारण भएका प्रस्तावहरु गाउपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नुपूर्व उक्त प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन गरी सो सम्बन्धी प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(२) गाउँपालिकाको वन क्षेत्रमा कार्यान्वयन गरिने कुनै पनि प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्दा गाउँपालिका कार्यपालिका बैठकमा छलफल गरी राय सुझाव र परामर्श लिएको हुनुपर्नेछ ।

## परिच्छेद - ३

## <u>उपभोक्ता समूह सम्बन्धी व्यवस्था</u>

**१३. उपभोक्ता समूहको गठनः** (१) पालिका क्षेत्रमा सामुदायिक हितका लागि सामुहिक रुपमा कुनै वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी वन पैदावारको न्यायोचित् उपयोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरुले यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानूनमा निर्धारित प्रक्रिया अवलम्बन गरी गाउँपालिकासँगको समन्वय, छलफल र सहभागितामूलक रुपमा उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपभोक्ता समूह गठन गर्दा परम्परागत रुपमा वन उपयोग गर्दै आएका उपभोक्ताहरु सहित सम्वन्धित सबै घरधुरीलाई सदस्यको रुपमा समावेश गर्नुपर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका सबै घरधुरीबाट एक महिला र एक पुरुषको नाम साधारण सदस्यको रुपमा समावेश गर्नुपर्नेछ ।

(३) उपभोक्ता समूहको कार्यसमितिको अवधी बढीमा चार वर्षको हुनेछ र उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा कोषाध्यक्ष एक जना महिला र उपाध्यक्ष तथा सचिब मध्ये एक जना महिला सहित लैङ्गिक समानताका साथै समाजिक रुपमा समावेशीकरण कायम गर्नु पर्नेछ । (उपभोक्ता समितिमा ५१ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ)

(४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सञ्चित कोषमा व्ययभार हुनेगरी सेवा सुविधा प्राप्त व्यक्ति उपभोक्ता समूहको कार्यसमितिमा पदाधिकारी तथा सदस्य बन्न पाइने छैन ।

१४. उपभोक्ता समूहको दर्ताः (१) दफा १३ बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि गाउँपालिकाको सिफारिस र वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको ढाँचामा निर्धारित विधान सहित डिभिजन वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस, निवेदन र विधान प्राप्त भएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी निर्धारित ढाँचामा दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

(३) उपभोक्ता समूह गठन र विधान दर्ताका क्रममा डिभिजन वन कार्यालयले गाउँपालिकासँग समन्वय गरी छलफल गर्नुपर्नेछ र उपभोक्ता समूहको गठन, विधान तर्जुमा र उपभोक्ता समूह दर्ताका लागि गाउपालिका र डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) उपभोक्ता समूहको विधानमा समावेश गर्नुपर्ने विषय र उपभोक्ता समूहलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचाहरु वनसम्बन्धी प्रचलित संघीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

१५. उपभोक्ता समूह संगठित संस्था हुनेः (१) दफा १४ बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र सामुदायिक प्रकृतिको सामाजिक संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

१६. उपभोक्ता समूहको कोषः (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री बितरणबाट प्राप्त रकम,

(घ) दण्ड जरिवानाबाट प्राप्त रकम,

(ङ) प्रचलित कानून बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमका लागि उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(३) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि गाउपालिकाले समय समयमा दिएको राय सुझावलाई समेत मध्यनजर गरी कोष परिचालन मार्गदर्शन तर्जुमा गर्नुपर्नेछ ।

१७. उपभोक्ता समूहको विवरण र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः (१) डिभिजन वन कार्यालयले गाउँपालिका अन्तर्गत पर्ने सबै वन उपभोक्ता समूहको दर्ता विवरण सहितको प्रमाणपत्र, स्वीकृत विधान, वन हस्तान्तरणको

प्रमाण-पत्र र वन व्यवस्थापन कार्ययोजनाको प्रतिलिपि गाउँपालिकालाई यो ऐन प्रारम्भ भएको मितिले एक महिना भित्रमा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले सोको अद्यावधिक अभिलेख कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउपालिकामा अभिलेख अद्यावधिक भएका उपभोक्ता समूहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ङ) बमोजिम गाउँपालिकाले यस ऐन बमोजिम नियमन, सहजीकरण र अनुगमन गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहको विधानमा निर्धारित प्रक्रिया बमोजिम उपभोक्ता समूहले प्रत्येक वर्ष साधारण सभाको आयोजना गरी आफ्नो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गरी सोको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप, उपलब्धी र वर्तमान अवस्थाको विवरण सहितको वार्षिक प्रतिवेदन सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गरी सोको एक प्रति गाउँपालिका समक्ष पनि पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा गाउँपालिका र डिभिजन वन कार्यालयले सम्वन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछन् र सोको पालना गर्नु सम्बन्धित उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

(६) गाउँपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यसम्पादन प्रगतिका आधारमा वनसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न अनुदानं तथा सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद -४

## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

१८. सामुदायिक वन हस्तान्तणः (१) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा सामुदायिक वन व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउने गरी सामुदायिक वनको कार्ययोजना तयार वा संशोधन गर्नका लागि गाउपालिका र सम्बन्धित डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजना गाउँपालिकाको कार्यपालिका बैठक समक्ष प्रस्तुत गरी प्राप्त सुझाव तथा परामर्शका आधारमा वन व्यवस्थापन कार्ययोजना तर्जुमा वा आवश्यकता अनुसार संशोधन गर्नु पर्नेछ ।

(३) उपभोक्ता समूहले दफा (२) बमोजिम तर्जुमा गरेको कार्ययोजना बमोजिम सामुदायिक वनको विकास, संरक्षण, उपयोग एवं व्यवस्थापन र वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण समेत गर्न पाउने गरी गाउँपालिकामा रहेको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा वन व्यवस्थापन कार्ययोजना र गाउँपालिकाको सिफारिस सहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको वन व्यवस्थापन कार्ययोजना डिभिजनल वन अधिकृतले अध्ययन पश्चात् स्वीकृत गरी उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र प्रदान गरी सोको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

(५) सामुदायिक वनको कार्ययोजना प्रत्येक पटक सामान्यतयाः पाँच देखि दश वर्षका लागि तर्जुमा गर्न सकिने छ र गाउपालिकाको कार्यपालिका बैठकमा छलफल गरी प्राप्त सुझाव तथा परामर्श बमोजिम आवश्यकता अनुसार समय समयमा संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

(६) उपदफा (५) बमोजिम उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले संशोधित कार्ययोजना प्राप्त भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो संशोधित कार्ययोजना लागू नगर्न निर्देशन दिई सोको जानकारी गाउँपालिकामा समेत दिनु पर्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

१९. सामुदायिक वनमा विपन्न वर्गका लागि कबुलियती वन दिन सकिनेः (१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिबीको रेखामुनी रहेका विपन्न वर्ग वा वडा कार्यालयले विपन्न परिवार भनी प्रमाणपत्र प्रदान गरेका परिवारहरुलाई सामुहिक वा एकल रुपमा वन पैदावारमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग बढीमा दश वर्षका लागि सम्झौता गरी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवं कबुलियती वन लिन चाहने विपन्न समूह तथा परिवार बीच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

२०. वन पैदावारको मूल्य निर्धारणः (१) उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वन व्यवस्थापन गर्दा प्राप्त भएका वन पैदावारको साधारण सभाको निर्णय बमोजिम स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछन् ।

तर उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा वनसम्बन्धी प्रचलित संघीय कानूनमा निर्धारित मूल्य दरमा नघट्ने गरी न्यूनतम् मूल्य कायम गर्नुपर्नेछ

(२) उपभोक्ता समूहले उपदफा (१) बमोजिम निर्धारण गरेको वन पैदावारको मूल्य दरको विवरण गाउँपालिका र सम्बन्धित डिभिजन वन कार्यालयलमा उपलब्ध गराउनु पर्नेछ ।

२१. सामुदायिक वनको काठ संकलन र बिक्री वितरणः (१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि बिक्री वितरण गरिने काठको रुख छपान, कटान, ओसार पसार, श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आब्हान, बिक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा अवलम्बन गर्ने कार्यविधि गाउँपालिकाको कार्यपालिकासँगको छलफल र प्राप्त सुझाव बमोजिम डिभिजन वन कार्यालय र उपभोक्ता समूहले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. वन पैदावार बिक्री वितरणको वार्षिक योजना स्वीकृत गराउनु पर्नेः (१) उपभोक्ता समूहले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम संकलन हुने वन पैदावारको उपयोग तथा बिक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका समक्ष पेश गरी स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन पैदावार बिक्री वितरणको बार्षिक कार्ययोजना स्वीकृत नगराई काठ दाउरा लगायतका वन पैदावार बिक्री वितरण गर्न पाइने छैन ।

२३. वन पैदावार बिक्री शुल्कः सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम आर्थिक वर्ष समाप्त हुनु अगावै गाउपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

२४. सामुदायिक वनबाट प्राप्त लाभको सदुपयोगः (१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये कम्तिमा पच्चिस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्येबाट कम्तिमा पचास प्रतिशत रकम गाउँपालिकासँग समन्वय गरी गरिवी न्यूनीकरण, र महिलाको शशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेको वार्षिक कार्यक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तिमा १५ दिन पहिला गाउपालिकामा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकामा कार्यपालिकाको निर्णय अनुसार उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्बन्धित वडा कार्यालय मार्फत उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम खर्चगरी बाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ ।

तर यस्तो रकमको २५ प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

**२५. वन व्यवस्थापन कार्ययोजना विपरित काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले जरिबाना गर्न सक्नेछ र त्यस्तो कामबाट कुनै हानि नोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गर्न सक्नेछ ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समूह आफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले गाउँपालिकामा रहेको न्यायिक समितिमा निवेदन दिन वा सम्बन्धित डिभिजन वन कार्यालय समक्ष सिफारिस गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहका सदस्य भन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानी नोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले डिभिजन वन कार्यालय समक्ष निवेदन गर्न सक्नेछ र निजलाई वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको सजाय हुनेछ ।

(४) सामुदायिक वनमा स्वीकृत कार्ययोजना वा प्रचलित कानून विपरितको काम भएको अवस्थामा सम्बन्धित उपभोक्ता समूहले कसुरमा संलग्न व्यक्तिलाई कारवाही नगरेमा वा कारवाहीका लागि निवेदन नगरेमा जुनसुकै व्यक्ति वा वडा कार्यालयले सो सम्बन्धमा कारवाहीका लागि न्यायिक समिति समक्ष निवेदन दिन र डिभिजन वन कार्यालय समक्ष सिफारिस गर्न सक्नेछ ।

(५) उपभोक्ता समूहको कार्यसमितिका पदाधिकारीहरुले समूहको हितका नाममा विधान र कार्ययोजना विपरित कार्य गरेमा त्यस्ता व्यक्तिलाई वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम राष्ट्रिय वनमा कसुर गरे सरहको सजाय हुनेछ ।

(६) उपदफा (२) र (३) बमोजिम न्यायिक समिति र सम्बन्धित डिभिजन वन कार्यालय समक्ष निवेदन परेमा कसुरको प्रकृति अनुसार न्यायिक समिति र सम्बन्धित डिभिजन वन कार्यालयले आ-आफ्नो क्षेत्राधिकार भित्र पर्ने विषयमा छानविन गरी प्रचलित कानून बमोजिमको जरिवाना र दण्ड सजाय गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम जरिबाना गरेको कारणले मात्र त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पुगेको मानिने छैन र वन विनास तथा समूहको कोषको रकम दुरुपयोग सम्बन्धी विवादमा मिलापत्र गर्न गराउन वा मेलमिलाप गराउन पाइने छैन ।

**२६. सामुदायिक वन फिर्ता र पूनः हस्तान्तरणः** (१) सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना विपरितका कार्य सञ्चालन गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन वा वनसम्बन्धी प्रचलित संघीय र प्रदेश कानून बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा गाउँपालिकाको सिफारिसमा डिभिजनल वन अधिकृतले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी त्यस्तो कार्य गर्ने उपभोक्ता समूहको दर्ता खारेज गर्न र उक्त समूहलाई हस्तान्तरण गरेको सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नुअघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने वन उपभोक्ता समूहले सो निर्णय भएको जानकारी पाएको पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष पूनरावेदन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै सामुदायिक वन फिर्ता लिने गरी भएको निर्णय उपर उपदफा (२) बमोजिम पुनरावेदन परी प्रदेश वन निर्देशकबाट त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन साविकको सम्बन्धित उपभोक्ता समूहलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निर्णय उपर उपदफा (२) बमोजिम पुनरावेदन परी डिभिजनल वन अधिकृतको निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा १८ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्नु पर्नेछ ।

## परिच्छेद -५

## कबुलियती वन, धार्मिक तथा सांस्कृतिक वन र प्रथाजनित वनसम्बन्धी व्यवस्था

**२७. कबुलियती वन हस्तान्तरण गर्न सक्नेः** (१) गाउपालिकाको विभिन्न वडा कार्यालयहरुले गरिबीको रेखामुनिका परिवार भनी पहिचान गरेका परिवारको समूहलाई गरिबी न्यूनीकरणका लागि कबुलियती वन हस्तान्तरण गर्न सम्बन्धित डिभिजन वन कार्यालय समक्ष सिफारिस गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको सिफारिसका आधारमा डिभिजन वन कार्यालयले गरिबीको रेखामुनीका परिवारको कबुलिती वन उपभोक्ता समूह गठन गर्न र कबुलियती वनको कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालनका लागि उक्त समूहलाई कबुलियती वनको रुपमा वनक्षेत्र उपलब्ध गराउन सक्नेछ ।

(३) डिभिजन वन कार्यालयले उपदफा (२) बमोजिमको कबुलियती वनको विवरण गाउपालिकामा उपलब्ध गराउनु पर्नेछ र सोही आधारमा गाउपालिकाले कबुलियती वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कबुलिती वन उपभोक्ता समूहसम्बन्धी अन्य व्यवस्था वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

**२८. धार्मिक तथा सांस्कृतिक महत्वका वनहरुको संरक्षणः** (१) गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक महत्वका वनहरु रहेमा सोको संरक्षण र सदुपयोगका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सकिनेछ ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा दफा १३ र १४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) सम्बन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृतिसँग सम्बन्धित वन संरक्षण गर्न चाहेमा त्यस्तो वन सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(४) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि गाउँपालिकाको सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा डिभिजन वन कार्यालयले प्राविधिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) धार्मिक वनमा विकास आयोजना सञ्चालन गर्दा काटिएका रुखहरु गाउँपालिका कार्यपालिकाको समन्वय र सहमतिमा सम्बन्धित धार्मिक तथा सांस्कृतिक समूहले बिक्री वितरण गर्न सक्नेछ ।

**२९. वनसम्बन्धी प्रथाजनित क्षेत्र घोषणा गर्न सक्नेः** (१) गाउँपालिकामा आदिवासी जनजाति समुदायले परम्परादेखि प्रथाजनित अभ्यासका रुपमा उपयोग गर्दै आएका वन क्षेत्रहरु रहेको पाइएमा सोको पहिचान गरी त्यस्ता क्षेत्रको नक्शांकन र सिमाना निर्धारण गरी प्रथाजनित वन क्षेत्रको रुपमा घोषणा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको प्रथाजनित वन क्षेत्रमा सम्बन्धित आदिवासी जनजाति समुदायको पूर्वसूचित सहमति नलिई कुनै पनि पक्षलाई वन स्रोतमा पहुँच प्रदान गर्न पाइने छैन ।

**३०. वन स्रोतमाथिको परम्परागत ज्ञानको संरक्षणः** (१) गाउपालिकामा वन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति, स्थानीय समुदाय, दलित र महिलाको अधिकार संरक्षण गर्नुपर्नेछ ।

(२) वनसम्बन्धी कुनैपनि कार्यहरु गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञान र प्रथाजनित अभ्यासको पूर्ण रुपमा सम्मान र संरक्षण गर्नुपर्नेछ ।

(३) वन व्यवस्थापन गर्दा र वन स्रोत परिचालन गर्दा वनमा आश्रित जीविकोपार्जनको अधिकारबाट कसैलाई पनि बञ्चित गर्न पाइने छैन ।

(४) गाउँपालिकामा रहेका आदिवासी जनजाति र स्थानीय समुदायले वन, जैविक विविधता, आनुवंशिक स्रोत तथा प्राकृतिक स्रोत संरक्षण तथा सदुपयोग र सोसँग सम्बन्धित आफ्ना परम्परागत ज्ञानहरुको बारेमा सामुदायिक आलेख (कम्यूनिटी प्रोटोकल) तयार गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम सामुदायिक आलेख बनाउन चाहने आदिवासी जनजाति र स्थानीय समुदायलाई गाउपालिका र डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(६) आदिवासी जनजाति र स्थानीय समुदायले उपदफा (४) बमोजिम तयार गरेको सामुदायिक आलेखलाई अभिलेखित गराउन चाहेमा गाउँपालिकामा सोको विवरण राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद – ६

## वनमा आधारित उद्यम विकास, पर्यापर्यटन र वातावरणीय सेवासम्बन्धी व्यवस्था

**३१. वन उद्यमको विकास गर्न सक्नेः** (१) गाउँपालिकामा रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरुको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) गाउँपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले गाउपालिका, विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछन् ।

(४) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**३२. पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) वन उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी आफ्नो वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समूहले अलग्गै पर्यापर्यटन योजना तर्जुमा गर्न पनि सक्नेछन् र यस्तो पर्यापर्यटन योजना गाउँपालिकामा कार्यपालिकासँग छलफल गरी कार्यपालिकाको सिफारिसमा डिभिज़न वन कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्रभन्दा वढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन ।

(४) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउपालिका र सम्बन्धित डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले गाउपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम सहकार्य गर्दा यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानून विपरित नुहने गरी आपसी सम्झौता गरी पर्यपर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(७) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानी मध्ये कम्तीमा पच्चिस प्रतिशत रकम पर्यापर्यटन प्रवद्र्धन र कम्तिमा पचास प्रतिशत रकम विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**३३. सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन्** (१) वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा गरी

सामुदायिक चिडियाखानाको स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरु गर्न सक्नेछन् ।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने बिक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(३) सामुदायिक चिडियाखाना र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई पालिका कार्यपालिकासँग छलफल गरी डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

**३४. सामुदायिक घरवास (होम स्टे)** (१) पर्यापर्यटन प्रवर्धन गर्नेगरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले गाउँपालिकामा सामुदायिक होम स्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होम स्टे सञ्चालनसम्बन्धी कार्यविधिहरुको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार गाउँपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

**३५. जलाधार संरक्षणः** (१) गाउँपालिकाले आफनो क्षेत्रमा रहेका जलाधारहरुको पहिचान गरी नक्शासहितको विवरण राख्नु पर्नेछ ।

(२) गाउँपालिकामा रहेका जलाधारहरुको सामुदायिक वन उपभोक्ता समूह वा अन्य उपयुक्त स्थानीय समुदायका माध्यमबाट संरक्षण सम्बन्धी कार्यहरु गरिने छ ।

(३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र सम्बन्धित डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पुर्याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्ने विभिन्न निकाय, संघ संस्था, उद्योग लगायतका पक्षहरुले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरु उपलब्ध गराउन सक्नेछन् ।

(५) उपदफा (४) को प्रयोजनका लागि जलाधार संरक्षण गर्ने उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाईदा पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

**३६. जैविक मार्गको संरक्षणः** (१) गाउँपालिकामा वन्यजन्तु र चाराचुरुङ्गीहरुको आवत जावत गर्ने जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरुको संरक्षण र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिने छ ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि गाउँपालिका र सम्बन्धित डिभिजन वन कार्यालयले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**३७. मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन र राहत वितरणः** (१) गाउँपालिका र डिभिजन वन कार्यालयका साथै सम्बन्धित वन उपभोक्ता समूहले वन्यजन्तुबाट हुने जनधनको क्षति कम हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

(२) वन्यजन्तुबाट कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पिडितलाई राहत प्रदान गर्नका लागि गाउँपालिका र वन उपभोक्ता समूहले आवश्यक योजना बनाई आर्थिक स्रोतको व्यवस्था गर्नुपर्नेछ ।

(३) वन्यजन्तुलाई वन क्षेत्रमा नै बसोवास गर्ने अवस्थामा सिर्जना गर्नका लागि सामुदायिक वन लगायतका जैविक मार्गमा पानी पोखरी निर्माण, जंगली फलफूलका विरुवा संरक्षण, घाँसे क्षेत्रहरुको संरक्षण जस्ता कार्यहरु गर्नुपर्नेछ ।

**३८. सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनः** (१) गाउँपालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट गरिने छ ।

(२) वन क्षेत्र भन्दा बाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह वा जल उपभोक्ता संस्था गठन गर्न सकिनेछ ।

(३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि गाउँपालिकाको कार्यपालिकामा छलफल गरी डिभिजन वन कार्यालयले प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरको विक्री वितरणका लागि उपभोक्ता समूहले आफै व्यवस्था गर्न सक्नेछ ।

(६) सिमसार क्षेत्रमा सञ्चालित पर्यापर्यटन कार्यक्रम र माछा लगायतका जलचरको बिक्री वितरण र अन्य क्रियाकलापहरुबाट उपभोक्ता समूहले प्राप्त गरेको वार्षिक आम्दानी मध्ये पन्ध्र प्रतिशत रकम गाउपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**३९. सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) गाउपालिकाले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्रभित्र पहिचान भएका सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालयले गाउपालिकालाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरु गाउँपालिकाले सडक र वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया पूरा गरी काट्न वा हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमका काठ विक्री वितरणबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

**४०. सहरी वनको विकास र व्यवस्थापनः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै उपभोक्ता समूह वा संघ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालयले उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार गाउँपालिकाले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ ।

**४१. उद्यान घोषणा गर्न सक्नेः** गाउपालिकाले डिभिजन वन कार्यालय र सम्बन्धित वन उपभोक्ता समूहसँगको समन्वयमा वन क्षेत्रको कुनै उपयुक्त भागलाई वन उद्यान तथा प्राणी उद्यान घोषणा गरी वन उपभोक्ता समूह मार्फत वा आफै उद्यान निर्माण र सञ्चालन गर्न सक्नेछ ।

**४२. वातावरणीय सेवाको व्यवस्थापनः** (१) वन क्षेत्रबाट हुने कार्वन सञ्चिति वाहेकका जलस्रोत संरक्षण, जैविक विविधता सरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन् ।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा विक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका बीचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद विक्री गर्न सकिने छ ।

(३) वातावरणीय सेवाको आदान प्रदान तथा खरिद विक्रीबाट प्राप्त लाभको बाँडफाडँ र सदुपयोगसम्बन्धी विषयहरु वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

(४) वातावरणीय सेवाको बिक्रीबाट उपभोक्ता समूहले प्राप्त गरेको वार्षिक आम्दानी मध्ये दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**४३. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजनाः** (१) गाउँपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि गाउँपालिका र सम्बन्धित डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि गाउँपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरुबाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमबाट कार्बन उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(४) आगलागी लगायतका कार्यहरुबाट हुने वन विनास तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने वन उपभोक्ता समूहलाई सो वापत प्राप्त हुने लाभ उपलब्ध गराउन वा पुरस्कृत गर्नका लागि गाउँपालिका र सम्बन्धित डिभिजन वन कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

**४४. वन डढेलो नियन्त्रणः** (१) कुनै वनमा वन डढेलो लागेमा गाउँपालिका, डिभिजन वन कार्यालय, सुरक्षा निकाय, सम्बन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरु समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरु गर्नु पर्नेछ ।

(३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी राहत उपलब्ध गराउनु पर्नेछ ।

(४) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदा हुँदै लापरवाही गरी वनमा वा आफ्नो निजी जग्गाको खरवारीहरुमा आगो लगाएमा वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम कारवाही र दण्ड सजाय हुनेछ ।

**४५. स्थानीय वन वातावरण तथा जैविक विविधता संरक्षण योजनाः** (१) गाउँपालिकाले वन तथा जैविक विविधता संरक्षण, वातावरण संरक्षण र प्रदुषण नियन्त्रणका लागि गाउपालिकाले पालिका भित्रको कुनै भु भागलाइ वन वातावरण तथा जैविक विविधता संरक्षण क्षेत्रको रुपमा घोषणा गरी कार्यान्वयनका निम्ति कार्यविधि निर्माण गर्न सक्नेछ । उक्त क्षेत्रको वन वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा र कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका वन, वातावरण र जैविक विविधता संरक्षण योजना निर्माण र कार्यान्वनका लागि उपभोक्ता समूह, निजी क्षेत्र र सम्बन्धित संघ संस्थासँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

(३) गाउँपालिकामा रहेको वन क्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरुमा फोहरमैला विसर्जन गर्न गराउन पाइने छैन ।

(४) गाउँपालिकामा जैविक विविधता संरक्षणको दृष्टिकोणले कुनै अति महत्वपूर्ण क्षेत्र रहेको पाइएमा उक्त क्षेत्रलाई वन संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्र घोषणा गरी स्थानीय समुदाय, सामुदायिक वनका माध्यमबाट प्रभावकारी रुपमा संरक्षण तथा व्यवस्थापन गर्न सकिनेछ ।

(५) गाउँपालिकाको वन वातावरण र जैविक विविधता संरक्षण योजनाको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(६) गाउँपालिकाले लोपउन्मुख वन्य जन्तु संरक्षण तथा ब्यवस्थापनको लागि समुदायमा आधारित संरक्षण क्षेत्र निर्धारण गरी संरक्षण कार्ययोजना निर्माण गरी संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछ ।

(७) गाउँपालिकाले समुदायमा आधारित संरक्षण क्षेत्र व्यवस्थापन सम्वन्धि कार्यविधी तयार गरी लागु गर्न सक्नेछ ।

**४६. वृक्षारोपण कार्यक्रम सञ्चालनः** (१) गाउँपालिकाको प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्था वा वन उद्यमको स्वामित्वमा कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रलाणीमैत्री व्यावसायिक विरुवाहरुको उत्पादन र विक्री वितरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(३) वन उपभोक्ता समूह, किसान तथा निजी वनवालाहरुलाई निःशुल्क वा न्यूनतम् शुल्कमा विरुवा उपलब्ध गराई वन क्षेत्र, नदी किनार, नदी उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, वन विनास भएको क्षेत्र र निजी जग्गामा वृक्षारोपणका लागि गाउँपालिका र डिभिजन वन कार्यालयबाट अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्नुपर्नेछ ।

(४) गाउँपालिकामा फैलिएका मिचाहा प्रजाती नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई गाउपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**४७. जडीबुटी खेति तथा गैरकाष्ठ वन पैदावार प्रवर्धनः** (१) गाउँपालिका र डिभिजन वन कार्यालयले सामुदायिक वन लगायतका वन क्षेत्र र निजी जग्गामा सुगन्धित वनस्पति, औषधीजन्य जडीबुटी अन्य जडीबुटी खेति तथा गैरकाष्ठ वन पैदावार प्रवर्धनका लागि प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रमा उत्पादित जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको भण्डार र बजारीकरणका लागि आवश्यक पूर्वाधारको विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**४८. वनजन्य बीउको उत्पादनः** वन बीउको उत्पादन, विक्री वितरण र निर्यातका लागि गाउँपालिकामा पाइने वन पैदावारका बीउहरुको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी वन उपभोक्ता समूह र निजी वनवालाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ ।

**४९. वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त लाभको बाँडफाँडः** प्रदेश सरकारले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम गाउँपालिकाको क्षेत्रबाट संकलित वेवारिसे वा दरियावुर्दी काठबाट प्राप्त रकमको २५ प्रतिशत रकम गाउपालिकाको सञ्चित कोषमा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद –७

## निजी वनसम्बन्धी व्यवस्था

**५०. निजी वन दर्तासम्बन्धी व्यवस्थाः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी गाउँपालिकाले नीजि वन दर्ता गरी *अनुसूची-१* मा भएको ढाँचा बमोजिमको प्रमाणपत्र दिनेछ

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको विवरण सहितको जानकारी गाउँपालिकाले सम्बन्धित डिभिजन वन कार्यालयलाई गराउनेछ ।

**५१. निजी वनको व्यवस्थापन र वन पैदावार परिचालनः** (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा निजी वनको वन पैदावारको उपयोग गर्न वा स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि गाउँपालिका र डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार यसै गाउँपालिकाको क्षेत्रभित्र गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक प्रयोजनको लागि गाउँपालिकाको क्षेत्रबाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वन पैदावारको विक्री वितरण र ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५) घरायसी प्रयोजनको लागि गाउँपालिकाको क्षेत्रबाट गाउँपालिका रहेको जिल्ला भित्रको कुनै स्थानीय तहमा वन पैदावार विक्री वितरण तथा ओसारपसार गर्नु परेमा गाउँपालिकाबाट सङ्कलन तथा ओसारपसार गर्ने स्वीकृती लिनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका रहेको जिल्लाबाट कुनै अर्को जिल्लामा घरायसी प्रयोजनका लागि वनपैदावार विक्री वितरण तथा ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(७) निजी वनको धनीलाई निजी वन विकास, कृषि वन तथा जडीबुटी खेती एवं गैरकाष्ठ वन पैदावार प्रवर्धनका लागि गाउँपालिकाबाट पारित कार्यक्रम तथा योजना अनुसारका सहयोग तथा सुविधाहरु उपलव्ध गराउन सकिनेछ ।

**५२. निजी वनमा वन्यजन्तु पालनः** (१) कुनै निजी वनवालाले गाउँपालिकाको सिफारिसमा वन तथा वन्यजन्तु सम्बन्धी प्रचलित सघीय कानून र मापदण्डको अधीनमा रही आफ्नो निजी वनमा संरक्षित वन्यजन्तु बाहेकका वन्यजन्तु तथा पन्छी समेत पालन गर्न सक्नेछ ।

(२) कुनै निजी वनवालाले उपदफा (१) बमोजिमका कार्यहरु गरेको भएमा सोको जानकारी गाउँपालिकामा गराउनु पर्नेछ र उक्त वन्यजन्तु तथा पन्छीमा कुनै रोग देखा परेमा तत्काल डिभिजन वन कार्यालय, पशु पंछि विकास शाखा र अन्य सम्बन्धित निकायको सहयोगमा रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ ।

## परिच्छेद –८

## वनसम्बन्धी कसुरको जाँचबुझ सम्बन्धी कार्यविधि र दण्ड सजाय

**५३. वनसम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधिः** गाउँपालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधिका सम्बन्धमा वन, वन्यजन्तु तथा वातावरण सम्बन्धी प्रचलित संघीय कानून लागु हुनेछ ।

**५४. दण्ड सजायः** यस गाउँपालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी कसुरमा वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम दण्ड सजाय हुनेछ ।

## परिच्छेद – ९

## वनसम्बन्धी संस्थागत व्यवस्था

**५५. प्रदेश सरकारको भूमिकाः** यो ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधन उपलब्ध गराउन सक्नेछ ।

**५६. वनसम्बन्धी विषयगत समितिः** (१) गाउँपालिकामा रहेको वातावरण तथा विपत व्यवस्थापन समितिले नै वनसम्बन्धी विषयगत समितिको रुपमा काम गर्नुपर्नेछ ।

**५७. वातावरण शाखाले वनसम्बन्धी कार्य गर्न सक्नेः** गाउँपालिकामा रहने वातावरणसम्बन्धी शाखाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी वनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ र यस शाखाले आफ्नो कार्य सञ्चालन गर्दा वातावरण सम्बन्धी विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ ।

**५८. वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको वनको संरक्षण र दिगो व्यवस्थापनका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोगका लागि योजना तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**५९. वन व्यवस्थापनमा गाउँपालिकाको अन्य भूमिका र अधिकारः** गाउँपालिकाले नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)(ज) र दफा ११(४)(ङ) मा उल्लिखित वन, वन्यजन्तु र वातावरणसम्बन्धी कार्यहरु गर्नको लागि योजना तथा कार्यक्रमको तर्जुमा र बजेटको व्यवस्था गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**६०. गाउँ वन परिषद्को गठनः**

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

२) उपदफा (१) बमोजिमको परिषद देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन् :

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) | वन तथा वातावरण समितिको प्रतिनिधि | - सदस्य १ जना |
| ग) | गाउँ कार्यपालिकाले तोकेको गाउँसभाको प्रतिनिधि | -सदस्य २ जना (१ महिला अनिवार्य) |
| घ) | सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि | - सदस्य २ जना (१ महिला अनिवार्य) |
| ङ) | आदिवासी जनजाति महासंघको प्रतिनिधि | - सदस्य १ जना |
| च) | दलित अधिकारको क्षेत्रमा काम गर्ने | - सदस्य १ जना |
| छ) | पारिवारिक निजी वनको प्रतिनिधि | - सदस्य १ जना |
| ज) | व्यावसायिक संस्थाका प्रतिनिधि | - सदस्य १ जना |
| झ) | वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट गाउँ कार्यपालिकाले मनोनीत गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि | - सदस्य ५ जना |
| ञ) | प्रमुख प्रशासकीय अधिकृतले तोकेको वा वन वातावरण शाखाको प्रमुख | - सदस्य सचिव |

तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ। दफा (३) उपदफा (२) बमोजिम गठन हुने वन परिषद्मा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

९३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू अर्को एक अवधिको लागि पुनः मनोनित हुन सक्नेछन्।

(४) दफा २१ (झ) बमोजिमको सदस्य सचिवको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**६१. परिषदको काम, कर्तव्य र अधिकारः**

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

९क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकारसहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने ।

९ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन जंगल, वन्यजन्त, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकारसहितको वनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।

९ग) वनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, अनुसन्धान गर्ने, भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा गाउँपालिकालाई सुझाव दिने र वन सम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

९घ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकारसहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाव दिने ।

९ङ) स्थानीय समुदाय आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

९च) परम्परागत रुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज नगर्ने व्यवस्था सम्बन्धित स्थानीय तहको समन्वयमा गाउँपालिकाले मिलाउने छ ।

९छ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने ।

९ज) अन्तर स्थानीय सरकारबीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

९झ) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने ।

९ञ) समुदायको आन्तरिक सुसासनको लागि आवस्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने

९ट) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

<u>६२. परिषद्को बैठक सम्बन्धी कार्यविधिः</u>

(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

९२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

९३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

९४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

९५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - १०

## विविध

**६३. वन क्षेत्रमा प्रवेश नियमनः** (१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा गाउँपालिका र सम्बन्धित उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित् वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण व निषेध गर्न सक्नेछ ।

(२) वन उपभोक्ता समूहलाई हस्तान्तरण नभएको वन क्षेत्रमा केही समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सम्बन्धी व्यवस्था वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ र डिभिजन वन कार्यालयले वन क्षेत्रमा प्रवे निषेधसम्बन्धी निर्णय गर्दा गाउपालिकासँग समन्वय, छलफल तथा परामर्श गर्नु पर्नेछ ।

**६४. वन, पैदावारको आपूर्तिः** गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, द संस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परे गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम् शुल्क लिई यी प्रयोजनका ला काठ दाउरा आपूर्ति गर्न निर्देशन दिन सक्नेछ ।

**६५. अन्तर स्थानीय तहमा फैलिएको वन व्यवस्थापनः** गाउँपालिका र छिमेकी गाउँपालिका बीच फैलिएको वनव दिगो व्यवस्थापनका लागि अन्तर स्थानीय तह वन समन्वय समिति गठन गरी त्यस्ता वनहरुको दिगो संरक्षण व्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।

**६६. वनसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेखः** (१) गाउँपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानव लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुर्याउने योजना तर्जुमा गर्न सकिनेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तुहरुको अभिलेख तया गर्न सक्नेछ ।

**६७. वन पैदावारमा प्रतिबन्ध सम्बन्धी व्यवस्थाः** जैविक विविधता र वातावरण संरक्षणका लागि कुनै व पैदावारको, कटान, संकलन, उपयोग, ओसार पसार, विक्री वितरण र निर्यातमा प्रतिबन्ध लगाउने सम्बन्धी व्यवस्थ वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

**६८. घर बास सार्नेः** चौविसे गाउँपालिका भित्र स्थानीय उपभोक्ताहरुले आफ्नो घर, गोठ सार्नु पर्ने वा स्थानान्तरण गर्नु परेमा गाउँपालिकाको सिफारिसमा नजिकको सव डिभिजन वन कार्यालयलाइ जानकारी गराइ पुरानो घर सार्नुपर्नेछ ।

**६९. संरक्षणको सूचीमा रहेका वन्यजन्तु तथा चराचुरुङ्गीहरुको संरक्षणः** संरक्षणको सूचीमा रहेका वन्यजन्तु तथा चराचुरुङ्गीहरुको संरक्षण तथा ब्यवस्थापनको लागि गाउपालिका र सव डिभिजन वन कार्यालयको समन्वयमा संरक्षण तथा व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

**७०. पुरस्कारसम्बन्धी व्यवस्थाः** वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संस्था वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**७१. अधिकार प्रत्यायोजनः** गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७२. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

**७३. बाझिएको हकमाः** यस ऐनमा गरिएका व्यवस्था र प्रचलित संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरु बाझिएमा बाझिएको हदसम्म प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

अध्यक्ष

अनुसूची १

दफा ५० (२) सँग सम्बन्धित

निजी वन दर्ताको प्रमाण-पत्र

दर्ता नं.

श्री .................................... उपभोक्ता समूह यस चौबिसे गाउँपालिकाको मिति ...................... को निर्णय अनुसार चौबिसे गाउँपालिकाको वन ऐन, २०८१ बमोजिम यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण
उपभोक्ता समूहको क्षेत्रफलः
घरधुरी संख्याः
कुल जनसंख्याः

प्रमाण पत्र दिने अधिकारी
नामः
दर्ताः
दस्तखतः
मितिः